# गौरीगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गौरीगञ्ज, झापा
कोशी प्रदेश, नेपाल


मितिः २०८०/०४/०१

### आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी
### ठेक्का आह्वानका सूचना
### प्रथम पटक प्रकाशित मितिः-२०८०/०४/०१

यस गौरीगञ्ज गाउँपालिकाको आ.व. ०८०/०८१ को आन्तरिक आय संकलनका लागि तपसिल बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरुबाट देहाय बमोजिमको शर्तको अधिनमा रही ठेक्का आव्हान गरिन्छ ।

१) दरभाउपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले सात(७) दिन भित्र निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक दरभाउपत्र दाताले यस कार्यालयबाट मिति २०८०/०४/०७ गते भित्र कार्यालय समय सम्म दरभाउ पत्र कागजात खरिद गर्न सकिनेछ ।

२) खरिद भएको दरभाउपत्र फाराम सिलवन्दी गरी खाम बाहिर आफ्नो वा फर्मको नाम, ठेगाना, ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०८०/०४/०८ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नुपर्नेछ ।

३) खरिद भएको दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले मिति २०८०/०४/०८ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४) दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

५) उल्लेखित दरभाउपत्रहरु फर्मको नाममा खरिद गरिएको भए फर्म नवीकरणको प्रमाणित प्रतिलिपि स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको व्यवसाय कर प्रमाण-पत्रको नवीकरण प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

६) धरौटी वापतको रकम आफुले कबोल गरेको ठेक्का अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस गौरीगञ्ज गाउँपालिका कार्यालयको एन.आई.सी. बैंक गौरीगञ्ज स्थित ग ३ धरौटी खाता गौरीगञ्ज गाउँपालिका (खाता नं. ८७२०५००२८४२६००२) मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

७) म्याद नाघी आएको रीत नपुगेको वा शर्त राखी पेश भएको दरभाउपत्र मान्य हुने छैन ।

८) दरभाउपत्र दाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । सो दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाँउमा सहिछाप भएको हुनुपर्नेछ ।

९) यस कार्यालयको हितलाई ध्यानमा राखि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

१०) ठेक्का स्वीकृत भई किस्ताबन्दीमा रकम राखी दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नुपूर्व र बाँकी किस्ता रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। सम्झौता समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ठ बुझाएमा कबोल अंकको १० प्रतिशतले हुन आउने रकम छुट दिइनेछ तथा समयमा किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट गाउँपालिकाले किस्ता रकम असुल उपर गर्नेछ।

११) ठेकेदारले दरभाउपत्र फारमसाथ संलग्न दररेट अनुसार मात्र कर संकलन गर्नुपर्नेछ ।

१२) ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै प्रकारका कर ठेकेदार स्वयंले बुझाउनु पर्नेछ ।

१३) ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टा बमोजिम मात्र गर्न पाइनेछ। कानुनले निषेध गरेको कर तथा शुल्क असुल गर्न पाइने छैन ।

१४) आय ठेक्का संकलन गर्दा प्रयोग गरिने रसिद, कर्मचारीको व्यवस्था बन्दोवस्ती सामान ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ । रसिदमा अनिवार्य रुपमा यस गौरीगञ्ज गाउँपालिका कार्यालयको छाप लगाउर प्रयोग गर्नुपर्नेछ । छाप नलगाई रसिद प्रयोग गरेको पाइएमा तथा तोकिएको दर रेट भन्दा बाहिर कर शुल्क असुल गरेमा ठेकेदारलाई नियम अनुसार कार्वाही गरिनेछ ।

१५) बोलपत्र दाता र गाउँपालिका बीच कुनै किसिमको मत भिन्नता उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ । यस सूचनामा उल्लेखित नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ । अन्य थप जानकारीका लागि यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिन्छ ।

<u>तपसिल</u>

| सूचना नम्बर | विवरण | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) रु. | फारम दस्तुर रु. |
|---|---|---|---|
| ०१/०८०/०८१ | कुञ्जीबारी पशुहाट, वडा नं. १ | रु.९,६०,०००।- | रु.१,०००।- |
| ०२/०८०/०८१ | हाटबजार कर गौरीगञ्ज गाउँपालिका क्षेत्र | रु.५,०१,०००।- | रु.१,०००।- |
| ०३/०८०/०८१ | सडक मर्मत सम्भार तथा स्थानीय विकास सेवा शुल्क गौरीगञ्ज गाउँपालिका क्षेत्र | रु.१२,००,०००।- | रु.१,०००।- |
| ०४/०८०/०८१ | डुङ्गा सञ्चालन गौरीगञ्ज गाउँपालिका क्षेत्र भित्र | | रु.१,०००।- |
| | क) रतुवा नदि घाट | रु.१,३२,७४४।- | रु.५००।- |
| | ख) कन्काई माई नदि घाट | रु.१,३२,७४४।- | रु.५००।- |
| ०५/०८०/०८१ | बहाल विटौरी कर गौरीगञ्ज गाउँपालिका क्षेत्र भित्र | रु.५५,०००।- | रु.५००।- |

प्रमुख प्रशासकीय अधिकृत